नगर उप प्रमुख श्री गुलिया कुमारी चौधरी, घोडाघोडी नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री राजु तिरुवा, भजनी नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री भोज बहादुर बम, गौरीगंगा नगरपालिका, कैलाली ।

उपाध्यक्ष श्री गणेश राज गिरी, बर्दगोरीया गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री रेखा देवी कठरिया, जोशीपुर गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री लालमती देवी कठरीया, जानकी गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री धनादेवी थापा, चुरे गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री भगवती कुमारी चौधरी, कैलारी गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री कमल साउद, मोहन्याल गाउँपालिका, कैलाली ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री तेज बहादुर चन्द ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री विर्ख बहादुर बुढा ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री लोकेन्द्र बहादुर ताडी ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री जानकी देवी चौधरी । जानकी

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री दिलु वि.क. ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री भावना चौधरी ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री सरिता भुल ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य सचिव एवं जि.स.अ. श्री धर्मराज विनाड़ी

आमन्त्रित:

प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मीदत्त भट्ट, चुरे गा.पा., गाउँ कार्यपालिकाको कार्यालय, कैलाली

चुरे गा.पा. वाड अध्यक्ष उमार बहादुर सिंह

कैलारी गा.पा. ३ नं वडा अध्यक्ष सुल्तराम चौधरी

लक्ष्मी [illegible] प्र. प्र. [illegible] चु. गा. पा.

चुरे गा.पा. वडा नं. २ वडा अध्यक्ष खगेन्द्र खडायत

चुरे गा.पा. वडा नं. ४ वडा सदस्य श्री धनसरा पाण्डे

जानकी गा.पा. कार्यपालिका सदस्य श्री लक्ष्मी चौधरी

भजनी न.पा. नगर प्रमुखको सचिवालय [illegible] सिंह क्षेत्री

[illegible] विद्यालय बेलखान [illegible] अध्यक्ष गोरख [illegible]

जिल्ला समन्वय समिति
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

४५. चुरे गा.पा. वडा नं. ७ जोराम धामी
४६. चुरे " " " " हरि बोहरा
४७. " " हिरा कुमारी भाट रोजगार संयोजक
४८. " " दीप ब. बोहरा का.स.
४९. " " कुन्न बहादुर भाट सु.प्र.अ.
५०. " " दिनेश डुंगेल है.लि.-बी.ओपरेटर
५१. " " मदन राज जोशी जे.ई.
५२. " " गजेन्द्र के सि. निमित्त इन्जिनियर
५३. " " मुकिन्द्र सिं. प्र.नो.नि.
५४. ~~धनगढी~~ मुख्यमन्त्री कार्यालय कुवरा खत्री
५५. शिवपुरी क्षे.व्यवस्थापन - कोमल सिंह
५६. सुरक्षा मुख्य कार्यालय - ओहे कुवार
५७. विष्णु महता ARM तिवारी
५८. दीपक विष्ट A.A.
५९. जीवन थापा
६०. भोज राज पछाडे आमको गा.पा.
६१. मनोज बहादुर खड्का चुरे ३
६२. डबल बहादुर खडायत चुरे-३
६३. विशाल कुमार पहराई मोहन्याल ४
६४. रत्न प्रसाद बाठेला चुरे घरखण्ड
६५. विमल कुमार ओझा चुरे गा.पा
६६. दिपेन्द्र सिंह बहु चुरे गा.पा
६७. दिपक पाण्डे चुरे गा.पा.
६८. धर्म राज भट्ट चुरे गा.पा.
६९. दिनेश भट्ट चुरे गा.पा
७०. विक्रम सिंह स्वाती चुरे गा.पा
७१. जीवन कापले वर्दगोरिया गा.पा.
७२. तेजेन्द्र वि. खत्री चुरे ३
७३. हेम बहादुर शाह चुरे-३ कैलाली
७४. धन ब. खडायत चुरे ३ कैलाली
७५. लोक बहादुर साउद चुरे ३ कैलाली
७६. भक्त राज भट्ट लेखा अधिकृत चुरे गा.पा
७७. विक्रम बहादुर बोहरा मनस्फाल्का निरीक्षक
७८. ... बहादुर लामिछानेमगर, वडाअध्यक्ष (घरे ४ न.वडा)
... सिंह वडा ४ सदस्य

जिल्ला समन्वय समिति धनगढी कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

८०. जिल्ला दै.वि. लिम्तेली मगर (वडा सदस्या)
८१. सुरेश रुवाल (खोजा.पा कर्मचारी)
८२. शिवराज भट्ट चुरे गा.पा.
८३. पूर्णानन्द अवस्थी जलस्रोत अधिकृत चुरे गा.पा.
८४. नरेन्द्र ब. खड्काल (उप-प्रा.) केदार ज्योतिपुञ्ज व.क्या. बि.पि. मा.(?)
८५. टेक बहादुर रावल (उप-प्राध्यापक) ,, ,,
८६. दीपक आर्की (लेखापाल, चुरे गाउँपालिका)
८७. जयराज भण्डारी चुरे गा.पा.
८८. लोकेन्द्र बहादुर बोहरा चुरे गाउँपालिका
८९. सुनिता पौडेल चुरे गाउँपालिका
९०. मान बा धामी चुरे १ घररवेडा
९१. ~~तिल~~ तिलक बोहरा ,, ,, ,,
९२. रिता केला चुरे १ घररवेडा
९३. बिर बहादुर बोहरा ,, ,,
९४. जरेई, पके ,,
९५. नरेन्द्र विरकट्टा मगर सहायक चौथो (चुरे गा.पा)
९६. कालीप्रसाद भट्ट प्रशासकीय अधिकृत
९७. हेमराज शर्मा जिल्ला स.स. कैलाली (सोचिव रा.प.)
९८. रमेश राज भट्ट केदार ज्योतिपुञ्ज बी. क्याम्पस बी.पी. का.
९९. चन्द्र विश्वकर्मा लं.च्यु स्वकीय सचिव मुख्यमन्त्री
१००. धर्मेन्द्र कुँवर
१०१. दिपक राज भण्डारी क्याम्पस प्रमुख केदारज्योतीपुञ्ज व.क्या. डोरे
१०२. जयमान धामी चुरे गा.पा.
१०३. बिमलप्रकाश जोशी, ना.सु., जि.स.स.को कार्यालय, कैलाली
१०४. गौरी बिनाडीजोशी, ले.पा., ,, ,, ,, ,,
१०५. अमरा बडाल, सबइ. ,, ,, ,, ,,
१०६. सांजिता जोशी, खरिदार ,, ,, ,,
१०७. चेतराज भट्ट, का.स. ,, ,, ,, ,,
१०८. टेक बहादुर चौधरी, का.स. ,, ,, ,, ,,
१०९. ताराकुमारी बम, का.स. ,, ,, ,, ,,
११०. प्रकाश खनाल, ह.स.चा. ,, ,, ,, ,,
तेजराम चौधरी, ह.स.चा. ,, ,, ,, ,,

जिल्ला समन्वय समिति
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख

## आठौं जिल्ला सभाका निर्णयहरु :

**प्रस्ताव नं. १ : मानव अधिकार कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समिति गठन सम्बन्धमा ।**

निर्णय नं. १ : नेपाल सरकारको पाँचौं मानवअधिकार राष्ट्रिय कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तियो चक्र) बाट प्राप्त सिफारिसको जिल्ला स्तरमा कार्यान्वयन सुनिश्चितताको निम्ति नेपाल सरकारबाट आ.व. २०७७/०७८ देखि २०८१/०८२ अवधिका लागि स्वीकृत कार्ययोजनाको दफा ४.२.३ अनुरुप देहाय बमोजिम जिल्ला समन्वय समिति गठन गर्ने, सोही कार्ययोजनाको दफा ४.२.४ अनुरुप स्थानीय तह समन्वय समिति गठन गर्न जिल्लाका १३ वटै स्थानीय तहलाई आग्रह गर्ने र कार्ययोजनाको प्रावधान अनुसार प्रत्येक ६/६ महिनामा कार्ययोजना कार्यान्वयनमा स्थानीय तहबाट भएको प्रगतिको विवरण माग गरी सो को समष्टिगत जिल्लागत विवरणको प्रतिवेदन जिल्ला समन्वय समितिको कार्यालयले तयार गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत संघीय समन्वय समितिमा पठाउनु पर्ने निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| जिल्ला समन्वय समिति, कैलालीका का.वा. प्रमुख श्री खगराज भुषाल | : | संयोजक |
| कैलाली जिल्लाका प्रमुख जिल्ला अधिकारी | : | सदस्य |
| जिल्लाका १३ वटै स्थानीय तहका प्रमुख/अध्यक्ष | : | सदस्य |
| जिल्ला समन्वय समिति, कैलालीका पदाधिकारी | : | सदस्य |
| शिक्षा विकास तथा समन्वय इकाई, कैलालीका प्रमुख | : | सदस्य |
| स्वास्थ्य कार्यालय, कैलालीका प्रमुख | : | सदस्य |
| कैलाली जिल्लाका जिल्ला न्यायधिवक्ता | : | सदस्य |
| कैलाली जिल्ला स्थित सुरक्षा निकायका प्रमुखहरु | : | सदस्य |
| नेपाल बार एसोसिएसन, कैलालीका अध्यक्ष | : | सदस्य |
| नेपाल पत्रकार महासंघका जिल्ला प्रतिनिधि | : | सदस्य |
| गैह्र सरकारी संस्था महासंघका जिल्ला स्थित प्रतिनिधि | : | सदस्य |
| जि.स.स. को कार्यालय, कैलालीका जिल्ला समन्वय अधिकारी | : | सदस्य-सचिव |

**प्रस्ताव नं. २ : नदीजन्य पदार्थको IEE तथा ठेक्का व्यवस्थापन सम्बन्धमा ।**

निर्णय नं. २ : यस जिल्लाका विभिन्न स्थानीय तहहरु नदिजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण प्रक्रिया प्रारम्भ गर्नुअघि गरिने प्रारम्भिक वातावरणीय मुल्यांकन (IEE) गर्दा उत्खनन् स्थलको वातावरणीय पक्षमा उदासिन रहने गरेको, प्रभाव स्थलका समुदायसँग प्रभावकारी समन्वय एवं छलफल नगर्ने गरेको, अनुगमनका क्रममा IEE का बारेमा जनप्रतिनिधि नै अनभिज्ञ रहेको गुनासो प्राप्त भएको, उत्खनन स्थलको Location Map तथा उठाउन सकिने परिमाणको बारेमा सूचनापाटी राख्ने गरेको नपाइएको र स्वीकृत IEE को एक/एक प्रति जि.स.स. तथा जिल्ला प्रशासन कार्यालयमा पठाउन अनुरोध गर्दापनि स्थानीय तहहरुले सुनुवाई नगरेको भन्ने सन्दर्भमा अब उप्रान्त माथि उल्लेख भएका कैफियत/गुनासालाई सम्वोधन गर्नेगरी प्रणालीमा सुधार गर्न १३ वटै स्थानीय तहलाई अनुरोध गर्ने, **नदिजन्य पदार्थ संकलनको सन्दर्भमा सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक ऐनमा चालु आ.व. को निम्ति अनुसूचीमा उल्लेख भएको प्रति घ.मि. उच्च संकलन दरका बारेमा व्यापक जनगुनासो प्राप्त भएकोले आगामी आ.व. मा उक्त दरमा विशेष पुनर्विचार गर्न अनुरोध गर्ने** र नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री वितरण व्यवस्थालाई प्रभावकारी बनाउन उपयुक्त कानूनी प्रबन्ध नभएको हुँदा **"सो सम्बन्धी छाता ऐन"** निर्माणको निम्ति संघीय सरकार समक्ष पहल गरिदिन सुदूरपश्चिम प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

जिल्ला समन्वय समिति
कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख

**प्रस्ताव नं. ३ : नदीजन्य पदार्थ अनुगमन लगायतको निम्ति प्रशासनिक खर्च व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ३ :** नदीजन्य पदार्थको उत्खनन्/संकलन/विक्री व्यवस्थापनको सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समितिबाट हुने बाह्य अनुगमनलाई प्रभावकारी बनाउन पटके अनुगमन गर्नुपर्ने अवस्था रहेको, अनुगमन कार्यको निम्ति जिल्ला समन्वय समितिमा वित्तीय प्रबन्ध नभएको र सो सम्बन्धमा **ढुंगा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ को उपदफा १४ मा नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला स्तरीय अनुगमन समितिलाई अनुगमन कार्यका लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आवश्यक प्रशासनिक खर्च उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको** सन्दर्भमा नदिजन्य पदार्थको उत्खनन्/संकलन/बिक्री वितरण गराइरहेका प्रत्येक स्थानीय तहले **उक्त कार्यबाट संकलित राजश्वको ०.५%** प्रतिशत रकम जिल्ला समन्वय समितिको कार्यालयमा पठाउने व्यवस्था गर्न सबै स्थानीय तहलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : सीमा विवाद समाधानार्थ जि.स.स. बाट भएको निर्णय शीघ्र टुंगोमा पुर्याउने सम्बन्धमा ।**

**निर्णय नं. ४ :** जिल्लाका बिभिन्न स्थानीय तहका बीचमा प्राकृतिक श्रोतसाधनको उपयोग लगायतका विषयमा पटक पटक विवाद सृजना हुने गरेको सन्दर्भमा सीमा विवाद र समस्याको दीर्घकालीन समाधानको निम्ति मिति २०७९/०३/२६ मा सम्पन्न छैठौं जिल्ला सभाको निर्णय एवं म्याण्डेट बमोजिम मिति २०८०/०२/२६ गते बसेको जिल्ला समन्वय समितिको आ.व. २०७९/०८० को पन्ध्रौं बैठकबाट स्थानीय तहहरु बीच सृजित विवाद समाधानार्थ स्थानीय तहहरुबाट भैआएको अनुरोधको आधारमा नापी विभागबाट विज्ञहरुको टोली खटाई स्थलगत नाप नक्साको आधारमा विवादको स्थायी निरुपण गरिदिन सुदूरपश्चिम प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय अनुरुप जानकी, बर्दगोरीया, चुरे र मोहन्याल गा.पा. तथा गौरीगंगा, लम्की चुहा र भजनी न.पा. बाट प्राप्त सीमा विवादका विषयवस्तु सहितको विवरण सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाइएकोमा हालसम्म सो बारेमा कुनैपनि प्रगती नभएको हुँदा विवाद समाधान प्रक्रियालाई छिटो टुङ्गोमा पुर्याइदिन प्रदेश सरकारलाई पुनः अनुरोध गर्ने र जिल्लाका अन्य स्थानीय तहबीच कुनै किसिमको विवाद भए माथि उल्लिखित विधि अनुरुप प्रक्रिया अगाडी बढाउने गरी जिल्ला समन्वय समितिलाई म्याण्डेट दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : धनगढी उ.म.न.पा. लाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ५ :** धनगढी उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको च.नं. ५४१०, मिति २०७९/११/०३ गतेको पत्रबाट उक्त उ.म.न.पा. लाई जि.स.स. को कार्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको जग्गाको हक हस्तान्तरण गर्न अनुरोध भैआएको सम्बन्धमा छलफल गर्दा **स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९८(३) मा जिल्ला सभाको उपयोगको लागि बढि हुने देखिएको वा जिल्ला सभाले सिफारिस गरेको कुनै सम्पत्ति मन्त्रालयले कुनै गाउँपालिका वा नगरपालिका वा अन्य सरकारी निकायलाई** उपभोग गर्नका लागि उपलब्ध गराउन वा हक हस्तान्तरण गर्न बाधा नपर्ने; तर जग्गा वा भवनको हक हस्तान्तरण गर्दा नेपाल सरकारबाट निर्णय भएको हुनुपर्नेछ भनी उल्लेख भएको सन्दर्भमा **धनगढी न.पा., वडा नं. १, सिट नं. ०२७०७२८२४, कित्ता नं. १४ र १५, क्षे.फ. क्रमशः ११४०.२० र १५७७.८० व.मि.** उ.म.न.पा., नगर कार्यपालिकाको कार्यालयसँगै जोडिएको, उ.म.न.पा. लाई हक हस्तान्तरण गर्दा जग्गाको उपयोग, संरक्षण एवं व्यवस्थापन अझ उपयुक्त किसिमले हुने र उपमहानगरलाई विकासीय संयन्त्रहरु संचालन गर्न जग्गा आवश्यकपनि भएकोले उल्लिखित बिवरण बमोजिमको दुबै कित्ता जग्गा (निर्मित संरचना सहित) धनगढी उप महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा हक हस्तान्तरण हुनेगरी समन्वय, सहजीकरण एवं निर्णय गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनु रोध गर्ने निर्णय गरियो ।

प्रमुख

**प्रस्ताव नं. ६ : महिला विकास र आर्थिक योजना तथा तथ्यांक तर्फ नयाँ दरबन्दी सृजना गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६ :** संघियता कार्यान्वयनको क्रममा हिंसापीडित एवं संकटासन्न महिला तथा बालबालिकाको संरक्षण र न्यायका लागि समन्वय गरिरहेको जिल्ला स्तरीय **महिला तथा बालबालिका कार्यालय** खारेज हुँदा पीडितको पक्षमा पैरवीका लागि जिल्ला स्तरमा स्थानीय तहका महिला तथा बालबालिका शाखाहरुको समन्वयकारी संरचना नहुँदा भएको संस्थागत रिक्तताको कारण कार्यसम्पादनमा असहजता भएको भन्ने गुनासो विभिन्न स्थानीय तहका कर्मचारीहरु लगायत सरोकारवालाबाट प्राप्त भएकोले उक्त गुनासो व्यवस्थापनार्थ जिल्ला स्तरीय महिला, बालबालिका, जेष्ठ नागरिक तर्फको तथ्यांक प्रणालीलाई प्रभावकारी बनाउँदै नियमन, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई प्रवर्द्धन गर्न ७७ वटै जिल्ला समन्वय समितिको कार्यालयमा **एकजना महिला विकास अधिकृत सहित कम्तिमा २ जना कर्मचारी** रहनेगरी **महिला तथा बालबालिका शाखा** स्थापना गरिदिन र जिल्लाको समग्र तथ्यांक अभिलेखन प्रणालीलाई चुस्त दुरुस्त बनाई जिल्ला पार्श्वचित्र (District Profile) को अभाव पूर्ति गर्न जि.स.स. को कार्यालयमै आर्थिक योजना तथा तथ्यांक तर्फ **१ जना तथ्यांक सहायक**को दरबन्दी व्यवस्था गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : बेरुजु अंक सुधार, असुल उपर एवं व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ७:** साविक जिल्ला विकास समितिको दायित्व सरिआएको बेरुजु एवं जिल्लाका १३ वटै स्थानीय तहमा वर्षेनी बढ्दै गएको बेरुजु अंक सुशासन प्रबर्द्धनको सवालमा अवरोधको रुपमा रहेकोले सबै खालका बेरुजुको स्पष्ट बुझिने लगत कायम गरी बेरुजु अंक सुधार, असुल उपर एवं व्यवस्थापनको निम्ति योजनाबद्ध रुपमा काम गर्न जिल्ला समन्वय समिति, जि.स.स. को कार्यालय र जिल्लाका १३ वटै स्थानीय तह सक्रिय हुने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : जि.स.स. सम्बद्ध मुद्धाहरुको कानूनी प्रतिरक्षार्थ कानूनी सल्लाहकार व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ८ :** जिल्ला समन्वय समितिका प्रमुख र जिल्ला समन्वय समितिको कार्यालय बादी र लम्की चुहा न.पा.-१ स्थित शाही कन्स्ट्रक्सन प्रा.लि. का संचालक दान बहादुर शाही प्रतिवादी हुनेगरी सर्वोच्च अदालतबाट निम्सा प्राप्त "दोहोर्याई हेरिपाऊँ पुनरावेदन मुद्धा" लगायत साविक जिल्ला बिकास समिति संरचनादेखि दायित्व हस्तान्तरण भैआएका मुद्धाको कानूनी प्रतिरक्षा महान्यायाधिवक्ता एवं सो मातहतका कार्यालयबाट गरिने कानूनी व्यवस्था नभएको, जि.स.स. को कार्यालयमा उक्त प्रक्रिया सम्बद्ध शिर्षकमा बजेट नभएको, बजेट व्यवस्थापन को सम्बन्धमा विगतदेखि पटक पटक संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार हुँदापनि हालसम्म सो को प्रबन्ध नभएकोले **दोहोरो सहमतिको आधारमा पारिश्रमिक तथा सुविधा निर्धारण गर्न एवं विनियोजित बजेटको मिल्दो शिर्षकबाट खर्च लेख्नेगरी उपयुक्त निर्णय लिन** जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : भूमि समस्या समाधानार्थ गठित आयोगको कामलाई थप प्रभावकारी बनाउने सम्बन्धमा ।**

**निर्णय नं. ९ :** भूमि समस्या समाधानार्थ राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, कैलालीबाट जिल्लाभर संचालित लगत संकलन, प्रमाणीकरण, जग्गा नापजाँच एवं पूर्जा वितरण कार्यमा सोचे अनुरुप प्रगती भएको नदेखिएकोले कमी कमजोरी तथा ढिलासुस्तिमा सुधार गरी जग्गा नापजाँच एवं पूर्जा वितरण प्रक्रियालाई तीव्रता दिनेगरी १३ वटै स्थानीय तहले समन्वय एवं सहजीकरण प्रणालीलाई सुदृध पार्न; यस कार्यलाई प्राथमिकतामा राखी काम गर्न र यथाशीघ्र स्थानीय तहसँगको समन्वय बैठक गरी आयोगको उद्धेश्यलाई तार्किक निष्कर्षमा पुर्याउन आयोगको जिल्ला समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १० : मौज्दात कोष अन्तर्गत स्वतः रद्ध भएका योजना सम्पन्न एवं फरक फारक सम्बन्धमा ।**

**निर्णय नं. १० :** जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम मौज्दात कोष कार्यक्रम व्यवस्थापन समितिको विभिन्न बैठकबाट छनौट भई योजना सम्झौता पश्चात कार्यान्वयन प्रक्रियामा गएका केही योजनाहरु सातौं जिल्ला सभाले तोकेको अन्तिम समयसीमा २०८० असाढ मसान्त सम्म सम्पन्न हुन नसकी स्वतः रद्ध भएकोमा अब त्यस्ता योजनाहरु पूर्णताको दायित्व सम्बन्धित स्थानीय तहले वहन गर्नुपर्ने, हालसम्म निकासा भए अनुरुपको खर्चको हिसाब तत् तत् स्थानीय तहबाट माग गरी फरकफारक एवं फछ्र्यौट गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने र कोषमा मौज्दात बाँकी रकमबाट निर्देशिकाको प्रावधान बमोजिम नयाँ योजना छनौट गरी कार्यान्वयनका लागि आवश्यक निर्णय लिने अधिकार कार्यक्रम व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : सुशासन प्रवर्द्धन र स्थानीय तहको मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउने सम्बन्धमा ।**

**निर्णय नं. ११ :** नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तहको कार्य प्रकृया एवं उपलब्धीहरुको लेखाजोखा गरी विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको बारेमा जानकारी लिइ आवधिक समिक्षाका लागि स्थानीय तहबाट आधार प्राप्त गर्न र स्थानीय तहहरु बीचका तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धा प्रवर्द्धनार्थ स्थानीय तहलाई सक्षम एवं प्रभावकारी बनाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा **स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि,**२०७७ अनुरुप LISA, **स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि,**२०७७ अनुरुप FRA कार्यान्वयनमा आइसकेको र चालु आ.व. देखि **स्थानीय आर्थिक विकास मूल्यांकन कार्यविधि,**२०७९ बमोजिम LED मूल्यांकनको निम्ति पौष मसान्तभित्र तथ्यांक/कागजात **प्रविष्टी/अपलोड** गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट परिपत्र भैसकेको हुँदा विगतमा स्थानीय तहबाट सूचकसँग सम्बन्धित कागज प्रमाण प्रणालीमा **अपलोड** गर्ने क्रममा असान्दर्भिक कागजात पेश गर्ने, मूल्यांकन प्रक्रियाको मर्मप्रति उदासिन रहने र अस्वाभाविक ढिलाई हुने गरेको सन्दर्भमा प्रत्येक स्थानीय तहले शाखागत रुपमा आवश्यक सूचकको सूची तयार गरी सबै शाखामा राख्न लगाउने, सूचकसँग सम्बन्धित कागज प्रमाणको एक/एक प्रति सम्बन्धित शाखाबाट प्राप्त गरी काम सकिएकै बखत फाइलिंग गरिराख्ने, यसरी संकलित कागजातहरु मूल्यांकन प्रक्रियामा तोकिएको अवधिभित्र प्रणालीमा **अपलोड** गरी समयसीमा भित्र काम सम्पन्न हुनेगरी सधैं तयारी अवस्थामा रही मूल्यांकन प्रक्रियाको मर्मप्रति सचेत भैदिन १३ वटै स्थानीय तहहरुलाई पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२ : नागरिकता लगायत जिल्ला प्रशासन कार्यालयमा गरिने सिफारिसमा एकरुपता एवं सुधारका लागि स्थानीय तह स्तरीय अभिमुखीकरण कार्यक्रम संचालन सम्बन्धमा ।**

**निर्णय नं. १२ :** जिल्लाका विभिन्न स्थानीय तहबाट जिल्ला प्रशासन कार्यालयमा गरिने नागरिकता अनुसूची लगायत विभिन्न सिफारिसहरुमा एकरुपता नभएको, कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी हचुवा ढंगले दिने गरिएको, विभिन्न कागजात एवं प्रक्रियामा सचेतता नअपनाउँदा सेवाग्राहीले दुःख पाउने गरेको भनी गुनासो आइरहेको सन्दर्भमा उक्त समस्या समाधानार्थ जिल्लाका १३ वटै स्थानीय तहमा प्रमुख जिल्ला अधिकारी सहितको घुम्ती टोलीबाट अभिमुखीकरण गर्ने, सो को समय एवं भत्ता लगायतको बजेट व्यवस्थापन सम्बन्धित स्थानीय तहले गर्नेगरी अभिमुखीकरण कार्यको प्रबन्ध मिलाउन जिल्ला स्समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : अन्तर स्थानीय तह समन्वय घुम्ती बैठक संचालन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १३ :** जिल्लाका विभिन्न स्थानीय तहमा पटक पटक सिर्जना हुने विविध खाले समस्याहरु, अन्तर स्थानीय तह सरोकार एवं संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय प्रवर्द्धन गर्नेसँग सम्बन्धित सवालहरुका विषयमा छलफल गरी उपयुक्त निष्कर्षमा पुग्न जिल्ला समन्वय समितिले कम्तिमा प्रत्येक ३/३ महिनामा विभिन्न स्थानीय तहमा आलोपालो घुम्ती बैठक आह्वान गर्ने, प्रत्येक बैठकमा संघीय सरकारको प्रतिनिधिको रुपमा प्र.जि.अ. तथा प्रदेश सरकारको प्रतिनिधिको रुपमा मुख्यमन्त्री कार्यालयका उच्च पदस्थ अधिकारीलाई आमन्त्रण गर्ने र जुन स्थानीय तहमा बैठक बस्ने हो; त्यही स्थानीय तहले बैठकको खर्च व्यहोर्नुपर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ : कार्यविधी पारित गरी लागू गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १४ :** मुलुकमा भएको २०६२/०६३ को राजनैतिक परिवर्तन पश्चातको राज्य पुनर्संरचनाले जिल्ला स्तरीय **महिला, बालबालिका तथा जेष्ठ नागरिक कार्यालय** खारेज भएपछि जिल्लाभित्रका अन्तर स्थानीय तह हिंसापीडित महिलाहरुको व्यवस्थापनमा जटिलता भएको सन्दर्भमा एकद्वार प्रणालीबाट पीडितहरुको स्वास्थ्य एवं कानूनी उपचारमा सहयोग गर्न अर्को व्यवस्था नभएसम्म हाललाई जिल्ला **सदरमुकाम अवस्थित स्थानीय तह धनगढी उ.म.न.पा.** ले संचालन गरेको Safe House लाई **जिल्ला स्तरीय सुरक्षित आवासको रुपमा उपयोग गर्ने** तथा स्थानीय तहको लागत सहभागिताको आधारमा संचालन गर्नेगरी जिल्ला समन्वय समितिको बैठकबाट प्रस्ताव भई आएको **जिल्ला स्तरीय महिला लक्षित सुरक्षित आवास गृह संचालन कार्यविधी,२०८०** एवं जिल्ला समन्वय समितिको समन्वय एवं अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन तर्जुमा गरिएको **जिल्ला समन्वय समितिको समन्वय तथा अनुगमन कार्यविधी,२०८०** लाई पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ : आन्तरिक श्रोतको उपयोग जि.स.स. ले गर्न पाउने गरी नीतिगत निर्णयको निम्ति संघीय सरकारलाई अनुरोध गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १५ :** विगतमा महालेखापरीक्षकको लेखापरीक्षण डोरबाट लेखापरीक्षणका क्रममा "बेरुजु टिपोट" सहित दिइएको सुझावको आधारमा जिल्ला समन्वय समितिको कार्यालयको स्वामित्वमा रहेका सपिंग कम्प्लेक्स लगायतका भौतिक संरचना भाडामा लगाउँदा प्राप्त हुने सम्पूर्ण भाडा रकम संघीय संचित राजस्व कोषमा दाखिला गर्ने गरिएको, जिल्ला समन्वय समितिको मौज्दात कोष "शुन्य मौज्दात" तर्फ उन्मुख भएको, संरचना मर्मत/सम्भारको दायित्व नैतिक रुपमै जिल्ला समन्वय समितिले वहन गर्नुपर्ने अवस्था रहेकोले भौतिक संरचनाबाट प्राप्त हुने भाडा रकमको कम्तिमा ३३% रकम **भौतिक संरचना मर्मत सम्भार एवं संचालन खर्च** को रुपमा छुट्याई बाँकी रकम मात्र संघीय संचित राजस्व कोषमा दाखिला गर्नुपर्ने गरी नीतिगत निर्णयको निम्ति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : गत विगत बैठकहरु एवं जिल्ला सभाका निर्णय कार्यान्वियन सम्बन्धमा ।**

**निर्णय नं. १६ :** जिल्ला समन्वय समिति एवं जिल्ला सभाबाट गत विगतमा भएका निर्णयहरु अत्यन्त महत्वपूर्ण र दूरगामी महत्वका भएतापनि कार्यान्वियन निकायबाट कार्यान्वियनमा उदासिनता भएको देखिएकोले उक्त निर्णयहरु कार्यान्वियन गर्न सम्पूर्ण सरोकारवाला क्रियाशील हुने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ : जिल्ला समन्वय समिति बैठकका निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १७ :** जिल्ला समन्वय समितिबाट सातौं जिल्ला सभादेखि हालसम्म भए गरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्दै आगामी जिल्ला सभासम्म समन्वय समिति, समितिको कार्यालय र स्थानीय तहको प्रभावकारिता अभिवृद्धि गर्न कानून बमोजिम आवश्यक निर्णय लिने अधिकार जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## सभामा उठेका अन्य विविध विषय

**प्रस्ताव नं. १८ : जि.स.स. कार्यालयको दरबन्दी तेरीजमा सूचना प्रविधी अधिकृत थप गर्ने सम्बन्धमा ।**

**निर्णय नं. १८ :** जिल्ला समन्वय समितिको कार्यालयहरुको निम्ति स्वीकृत दरबन्दी चार्टमा कम्प्युटर/सूचना प्रविधी तर्फ कुनैपनि दरबन्दी नभएको, स्थानीय तहको अनुगमन/मूल्यांकनसँग सम्बन्धित LISA, FRA र LED जस्ता प्रक्रियामा हाल जि.स.स. लाई जिम्मेवार बनाइएको, कार्यालयको Website पटक पटक अद्यावधिक गर्नुपर्ने आवश्यकता रहेको, स्थानीय तहसँगको सूचना प्रविधी संजाललाई प्रभावकारी बनाउनु पर्ने अवस्था रहेको र यी सबै काममा सूचना प्रविधीको प्राविधिक ज्ञान भएको जनशक्ती चाहिने अवस्था समेतलाई मध्यनजर गरी जि.स.स. को कार्यालय, कैलालीमा **१ जना कम्प्युटर अपरेटर वा सूचना प्रविधी अधिकृतको दरबन्दी थप** गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाइ अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १९ : सामुदायिक वनभित्र सम्पदाको उपयोग, सा.व. को व्यवस्थापन एवं राजस्व असुली सम्बन्धमा ।**

**निर्णय नं. १९ :** स्थानीय तहको प्रमुख आन्तरिक श्रोतका रुपमा रहेका नदिनाला र तालतलैयाहरु मूलभूत रुपमा वन क्षेत्रभित्र पर्ने गरेको, स्थानीय तहको कानूनी अधिकार क्षेत्र बमोजिम तिनको उपयोग एवं व्यवस्थापन स्थानीय तहले गर्न पाउनु पर्नेमा वन ऐन/नियमहरुको हवाला दिएर सामूदायिक वनले उक्त सम्पदाहरु माथि आफ्नो हकदाबी गर्ने गरेको, **स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा ४ को बुँदा (घ)** को ४ मा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा **सामुदायिक वनको संचालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी संकलन गर्ने अधिकार** स्थानीय तहलाई प्रत्यायोजन भएकोमा सा.व. हरु स्थानीय तहको कर प्रणाली र अनुगमन-नियमनको दायराभित्र नआउँदा विविध समस्या सिर्जना हुने गरेको परिवेशमा स्थानीय सरकार संचालन ऐन **एवं** वन ऐनमा बाझिएका प्रावधान संशोधन गरी प्रस्तुत सन्दर्भमा स्थानीय सरकारको सर्वोच्चता प्रवर्द्धन गरिदिन सुदुरपश्चिम प्रदेश सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने र **कर व्यवस्थापन लगायत समन्वय प्रणाली प्रवर्द्धन गर्ने सन्दर्भमा** स्थानीय तह, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय, सु.प. प्रदेश उद्योग, पर्यटन तथा वन मन्त्रालयका उच्चपदस्थ प्रतिनिधि, डिभिजन वन कार्यालयहरु र जिल्लाका १३ वटै स्थानीय तहका सामुदायिक वन समन्वय समिति सहितको **समन्वय बैठक आह्वान गर्न** जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २० : नेपाल आयल निगमको डिपो स्थापना गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २० :** बर्दिया र कैलाली जिल्लाको पूर्वीक्षेत्र **(जिल्ला सदरमुकाम धनगढी सीमान्त पश्चिमी भागमा रहेको)** मा आयल निगमको बिक्री डिपो नहुँदा उक्त क्षेत्रको पेट्रोलियम ढुवानी लागत उच्च रहेको, पटक पटक हुने बन्द, हड्तालले उक्त क्षेत्रमा पेट्रोलियम अभाव हुने गरेको, टिकापुरको खक्रौला नाका संचालन गर्दा भारतबाट ढुवानी दूरी घट्ने भएको र डिपो प्रयोजनका लागि आवश्यक हुने क्षेत्रफलको जग्गा उपलब्ध गराउन टिकापुर नगर विकास समितिपनि तयार रहेको बुझिएकोले **खक्रौला नाका पूर्ण स्तरमा संचालन सहित टिकापुर क्षेत्रमा डिपो स्थापना** गरी माथि उल्लेख भए बमोजिमका सेवाग्राहीलाई राहत महसुस गराइदिन संघीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत नेपाल सरकार र नेपाल आयल निगमलाई अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०८० साल मंसिर १५ गते शुक्रबारका दिन विहान १०:०० बजे जिल्ला समन्वय समिति, कैलालीको आठौं जिल्ला सभा जिल्ला समन्वय समिति कैलालीका का.वा. प्रमुख श्री खगराज भुषालज्यूको अध्यक्षता एवं सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय कमल बहादुर शाह ज्यूको प्रमुख आतिथ्यतामा तपसिल बमोजिमको उपस्थितिमा चुरे गा.पा., गाउँ कार्यपालिकाको कार्यालयमा बसी बिभिन्न निर्णय गरियो ।

उपस्थिति

अध्यक्षता: जिल्ला समन्वय का.वा. प्रमुख श्री खगराज भुषाल

प्रमुख अतिथी माननीय मुख्यमन्त्री कमल बहादुर शाह, सुदूरपश्चिम प्रदेश

नगर प्रमुख श्री गोपाल हमाल, धनगढी उप महानगरपालिका, कैलाली ।

नगर प्रमुख श्री रामलाल डंगौरा थारु, टिकापुर नगरपालिका, कैलाली ।

नगर प्रमुख श्री विरेन्द्र भट्ट, गोदावरी नगरपालिका, कैलाली ।

नगर प्रमुख श्री सुशिला शाही, लम्की चुहा नगरपालिका, कैलाली । ____

नगर प्रमुख श्री खडक बहादुर रावत, घोडाघोडी नगरपालिका, कैलाली ।

नगर प्रमुख श्री केवल चौधरी, भजनी नगरपालिका, कैलाली ।

नगर प्रमुख श्री देवीदत्त कडेल, गौरीगंगा नगरपालिका, कैलाली ।

अध्यक्ष श्री कर्ण बहादुर कुँवर, बर्दगोरीया गाउँपालिका, कैलाली । ____

अध्यक्ष श्री चित्र बहादुर चौधरी, जोशीपुर गाउँपालिका, कैलाली ।

अध्यक्ष श्री गणेश चौधरी, जानकी गाउँपालिका, कैलाली । ____

अध्यक्ष श्री देविदत्त उपाध्याय, मोहन्याल गाउँपालिका, कैलाली ।

अध्यक्ष श्री चक्र बहादुर बोगटी, चुरे गाउँपालिका, कैलाली ।

अध्यक्ष श्री राजसमझ चौधरी, कैलारी गाउँपालिका, कैलाली ।

नगर उप प्रमुख श्री कन्दकला राना, धनगढी उप महानगरपालिका, कैलाली । ____

नगर उप प्रमुख श्री खडक बहादुर शाह, टिकापुर नगरपालिका, कैलाली । ____

नगर उप प्रमुख श्री शारदादेवी रोकाया, गोदावरी नगरपालिका, कैलाली । ____

नगर उप प्रमुख श्री जुना चौधरी, लम्की चुहा नगरपालिका, कैलाली । ____

जिल्ला समन्वय समिति

प्रमुख